# कार्यालय प्रमुखको बैठकका निर्णयहरु

## मिति २०७५/१/५

१. सूचनाको हक सम्बन्धी ऐन २०६४ र नियमावली अनुसार आ-आफ्नो कार्यालयका सूचना अधिकारीलाई जिम्मेवार र जवाफदेही बनाउने सम्बन्धमा सबै कार्यालयले निम्नानुसार व्यवस्था गर्ने

- कार्यालयको Second Man लाई सूचना अधिकारी तोक्ने ।
- कार्यालयमा भएका सबै काम कारवाहीको जानकारी सूचना अधिकारीलाई हुने व्यवस्था मिलाउने ।
- कार्यालयबाट प्रवाह गर्नुपर्ने सूचनाको चाप र कार्यालयको बजेट समेतलाई हेरी सूचना अधिकारीलाई मासिक रुपमा संचार खर्च उपलब्ध गराउने ।

२. गृह मन्त्रालयको च.नं. १०८५ मिति २०७४/१२/५ को पत्र साथ प्राप्त निम्नानुसारका निर्देशनहरु प्रभावकारी रुपमा समन्वयात्मक ढंगबाट तत्काल कार्यान्वय गर्ने गराउने ।

- सबै कार्यालयहरुले भ्रष्टाचार नियन्त्रण, सार्वजनिक सेवाको प्रभावकारिता र अन्य यस्ता विषयमा जनताले परिवर्तनको महशुस गर्न सक्ने खालका कार्यक्रम सहितको एक वर्षे ठोस कार्यान्वयन योजना सहितको कार्ययोजना निर्माण गरी प्रतिफल प्राप्त हुने गरी कार्यान्वयन गर्ने ।
- सुशासनको कार्यान्वयनका लागि उच्च नैतिकता एवं सक्षम व्यवस्थापकीय व्यवहार पनि उत्तिकै महत्वपूर्ण हुन्छ । यसका लागि कार्यालय प्रमुखले आफु र अन्तरगत निकाय तथा पदाधिकारीहरुले आफूलाई तोकेको जिम्मेवारी पूरा गर्न र सो को जवाफदेहिता अनिवार्य रुपपले वहन गर्न सम्पूर्ण पदाधिकारीहरुलाई जिम्मेवार बनाउने संयन्त्र निर्माण गर्ने । भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलताको नीति सरकारले अवलम्बन गरेकोले त्यसलाई ध्यानमा राखी कार्यालय प्रमुख स्वयं देखिने गरी सदाचारी हुने, कार्यालयमा हुने अनियमितता र भ्रष्टाचार नियन्त्रणलाई प्राथमिकताका साथ कारवाही गरी सुशासनको अनुभूति हुने गरी सेवा प्रदान गर्ने ।
- कार्यालयको नागरिक वडापत्र स्पष्ट रुपमा देखिने, बुझिने गरी राखे र सोही बमोजिम समयमै कार्यसम्पादन गर्ने गराउने ।
- कार्यालयमा रहेका विवरणहरुको अभिलेख व्यवस्थित गर्ने (Soft Copy मा परिवर्तन गर्ने) । कार्यालयको मालसामान र सम्पत्तिको सुरक्षा गर्ने साथै सार्वजनिक/सरकारी जग्गाहरुको संरक्षणं, अभिलेखिकरण गर्ने गराउने ।
- प्रत्येक ४ (5) महिनामा जिल्ला प्रशासन कार्यालय र स्थानीय तहको सहयोग लिई एकीकृत र समन्वयात्मक रुपमा कम्तीमा एक पटक घुम्ती सेवाको व्यवस्था मिलाउने ।
- कार्यसम्पादन गर्दा प्रक्रियागत उल्झनमा नअल्झी प्रतिफल देखिने गरी अग्रसर हुने ।
- कार्यालयको सरकारी सवारी साधनको दुरुपयोग हुन नदिई कडाईपूर्वक रोक्ने ।
- हालका दिनमा सामाजिक विकृति र विसंगतिका घटनाहरुमा वृद्धि भइरहेको र त्यसबाट ज्यानै समेत जाने गरेको अवस्था छ । यसको न्यूनिकरणका लागि सम्बद्ध निकायहरुसंगको समन्वय र सहकार्यमा योजनाबद्ध अभियान संचालन गर्ने, गराउने । महिला विरुद्धका हिंसाजन्य घटना, विभिन्न सामाजिक विकृति, कुरीति, छुवाछुत तथा जातीय विभेद लगायतका मानवअधिकार विरुद्धका घटनाहरुमा अत्यन्तै संवेदनशील रही तत्काल कानून बमोजिम कारवाही प्रकृया अघि बढाउने ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय

नारायणप्रसाद भट्ट
प्रमुख जिल्ला अधिकारी

- कार्यालयले गर्नुपर्ने विकास निर्माणका कार्यहरु समयमा नै सम्पन्न गर्ने ।
- Help Desk स्थापना गरी सेवाग्राहीलाई सहजीकरण गर्ने र सेवा प्रवाहमा बिचौलियाको उपस्थितिलाई पूर्णतः निषेध गर्ने ।
- कर्मचारीलाई समयपालना र नियमितता कार्यान्वयन गराउनका लागि सबै कार्यालयहरुमा अनिवार्य रुपमा डिजिटल हाजिरी राख्ने व्यवस्था गरी त्यसको पालना अनिवार्य रुपमा गर्ने/गराउने । सबै कर्मचारीले आचारसंहिताको अनिवार्य रुपमा पालना गर्ने । फिल्डमा खटिने कर्मचारी आफ्नो फिल्डमा रही गुणस्तरीय कार्यसम्पादन गर्ने व्यवस्था मिलाउने ।
- सार्वजनिक सम्पत्तिको सुरक्षा, प्राकृतिक स्रोत साधनको संरक्षण गर्ने ।
- आ-आफ्नो कार्यालय मार्फत प्रदान गरिने सेवा तथा उपयोगी जानकारीहरु नागरिकलाई सहजरुपमा सेवा उपलब्ध गराउन Mobile Application निर्माण गर्ने ।

३. गृह मन्त्रालय नीति, योजना तथा अनुगमन शाखाको च.नं. ३७ मिति २०७४/१२/२१ को पत्रसाथ प्राप्त चौथो सचिव बैठकका निम्नानुसारका निर्णयहरु तत्काले कार्यान्वयन गर्ने ।

- सबै निजामती तथा अन्य राष्ट्रसेवक कर्मचारीले आफूलाई मर्यादित, इमान्दार र उच्च मनोबलयुक्त बनाई राख्ने गरी विवेकपूर्ण ढंगले प्रस्तुत हुने ।
- नेपाल सरकार मन्त्रिपरिषदबाट स्विकृत सार्वजनिक विदामा उल्लेख भएका आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाउने चाडपर्वमा कर्मचारीले लिने बिदा बैशाखको पहिलो हप्तामानै आफ्नो कार्यालयमार्फत विवरण पेश गर्ने र सम्बन्धित कार्यालयले अभिलेख राख्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

नारायणप्रसाद भट्ट
प्रमुख जिल्ला अधिकारी